# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को न.का.पा. बैठक संख्या:- १०

मिति-२०८२।१०।२६ बैठक प्रारम्भ- १:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको दशौं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नामथर , | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उपप्रमुख- | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्या - १०

मिति-२०८२।१०।२६ बैठक प्रारम्भ- १:०० बजे

प्रस्तावहरूः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. उपभोक्ता समिति कार्यविधि सम्बन्धमा ।

३. सडक बोर्ड कार्यक्रम आयोजना सम्बन्धमा ।

४. दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

५. विविध ।

क. तह वृद्धि सम्बन्धमा ।

ख. जग्गा वर्गीकरण सम्बन्धमा ।

ग. योजना शिर्षक परिवर्तन सम्बन्धमा ।

घ. मौरी पकेट क्षेत्र सम्बन्धमा ।

ङ. कृषि जैविक विवधता संरक्षण तथा सामुदायकि बिउ बैंक सुदृढीकरण सम्बन्धमा ।

च. योजना कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

छ. आर्थिक सहयोग सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को कार्यपालिका बैठक संख्याः- १०

मिति-२०८२।१०।२६ बैठक प्रारम्भ- १:०० बजे

**निर्णयहरू**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२/०९/१८ गते बसेको नवौं कार्यपालिका बैठकको समीक्षा गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको उभोक्ता समिति गठन परिचालन तथान व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ मा चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाबाट देहाय बमोजिम थप गरी स्वीकृत गरी जारी गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र. सं. | हालको व्यवस्था(दफा/उपदफा सहित) | संशोधन / थप पछिको व्यवस्था(दफा उपदफा सहित) | संसोधन थप गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | दफा ४ को उपदफा (१) मा (ठ) थप | (ठ) कार्यालयले उपभोक्ता समितिलाई अनुसूची-१ (क) बमोजिमको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । | प्रमाण पत्र जारी गर्न उपयुक्त हुने हुनाले । |
| २ | दफा १३ पछि नयाँ दफा १३(क) थप | १३(क) मर्मत सम्भार तथा आयोजना हस्तान्तरण सम्बन्धी व्यवस्थाः (१) निर्माण कार्य सम्पन्न भएपछि कार्यालयले सो आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी अनुसूची ६(क) बमोजिमको ढाँचामा आयोजनाको स्वामित्व उपभोक्ता समिति, सामुदायिक संस्था वा आयोजना सञ्चालनको अख्तियारी पाएको निकायलाई हस्तान्तरण गर्नेछ ।<br>(२) समितिले उपदफा (१) बमोजिम हस्तान्तरित आयोजनाबाट सेवा उपयोग गरे वापत उपभोक्ता समितिले नगरको प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी सेवा शुल्क तोक्न सक्नेछ।<br>(३) उपभोक्ता समितिले उपदफा (२) बमोजिम तोकेको सेवा शुल्क जम्मा गर्न कोष खडा गरी सोही कोषबाट आयोजनाको सञ्चालन र मर्मत सम्भार गर्नुपर्नेछ।<br>(४) आयोजनाको लागत अनुमानमा उल्लेख गरेको मर्मत सम्भार कोषमा उपलब्ध गराउन छुट्याइएको रकम आयोजना हस्तान्तरण भएपछि मात्र समितिको कोषमा जम्मा गरिनेछ ।<br>(५)मर्मत सम्भार कोषको खाता उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।<br>(६) उपभोक्ता समितिको साधारण सभाबाट मर्मत सम्भार कोषबाट भएको खर्चको विवरण पेश गरि अनुमोदन गर्नुपर्नेछ । | आयोजना हस्तान्तरण गरी उपभोक्ता समितिलाई दीर्घ कालसम्म प्रभावकारी रूपले सञ्चालन गराउन |
| ३ | अनुसुची २ को कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरु मा ४ (क) थप गर्ने | ४(क) नगरपालिका उपभोक्ता समिति एवं अन्य साझेदारहरुसँगको साझेदारीमा गरिने आयोजना क्रियाकलापमा संलग्न कामदार श्रमिकहरुको सामुहिक जोखिम बिमा उपभोक्ता समिति मार्फत गराउनु पर्ने छ । | कामदारको हक अधिकार सुरक्षित गर्न । |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
## आ.व. ०८२/८३ को न.पा. बैठक संख्याः- १०

मिति-२०८२।१०।२६ बैठक प्रारम्भ- १:०० बजे

अनुसूची-१(क)
(कार्यविधिको दफा ४ (१) (ठ) सँग सम्बन्धित )
चैनपुर नगरपालिका
संखुवासभा

**उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

दर्ता नम्बरः................. मितिः............

यस चैनपुर नगरपालिकाको वडा नं.......को.................टोलमा..........................कार्य गर्नका लागि मिति............ मा सम्बन्धित उपभोक्ताको भेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय भए बमोजिम उपभोक्ता समितिको...............को बैठकको निर्णयबाट समिति दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा मिति.............. को निर्णयानुसार समिति दर्ता गर्ने निर्णय भएकोले उपभोक्ता समिति दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

उपभोक्ता समिति दर्ता नम्बरः.....................(आर्थिक वर्ष )

उपभोक्ता समितिको नामः

उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बरः

दर्ता प्रमाणपत्र मान्य रहने अवधिः ..................... असार मसान्तसम्म ।

प्रमाणपत्र जारी गर्नेको

दस्तखतः

नाम, थरः

पदः प्रमुख प्रशासकीय अधिकृत

| नविकरण | | | | |
|---|---|---|---|---|
| क्र स | नविकरण मिति | नविकरण अवध | तयार गर्नेको सही | प्रमाणित गर्नेको सहि |
| | | | | |
| | | | | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १०

मिति-२०८२।१०।२६ बैठक प्रारम्भ- १:०० बजे

अनुसूची-६(क)

(कार्यविधिको दफा १३(क) सँग सम्बन्धित)

**आयोजना हस्तान्तरण फाराम**

चैनपुर नगरपालिका वडा नं........मा सञ्चालित मिति......../..../....मा शुरु भई मिति......../..../.... मा सम्पन्न भएको .................... आयोजना मिति.................... मा यस नगरपालिकामा सूचीकृत भई प्रमाण पत्र नं................प्राप्त गरेको............ शूल्क/मर्मत सम्भार शुल्क लिई नगरपालिकाले तोकी दिए बमोजिम उक्त आयोजनाको मर्मत सम्भार गर्ने नगरपालिका तथा उपभोक्ता समिति दुवै पक्ष सहमत भई आज मिति........मा सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण र सुचारु अवस्थामा राख्ने सहमति भएको छ । यस आयोजना प्रति उपभोक्ता समितिले देखाएको चाख, विश्वास, धैर्य र सक्रिय सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गरिएको छ ।

नगरपालिकाको तर्फबाट (हस्तान्तरण) उपभोक्ता समितिको तर्फबाट

हस्तान्तरण गर्नेः हस्तान्तरण लिनेः

नामः नामः

पदः पदः

कार्यालयः समिति/समुदायः

**साक्षीहरूः**

| कार्यालयको तर्फबाट | | | | समुदायको तर्फबाट | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम | पद | हस्ताक्षर | क्र.सं. | नाम | पद | हस्ताक्षर |
| | | | | | | | |
| | | | | | | | |

योजना/आयोजना हस्तान्तरणका शर्तहरुः

१. मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था- यस योजनाको दिगो उपयोगका लागि योजनासँग सम्बद्ध संरचनाहरूको समायोजित मर्मत सम्भारको व्यवस्था यस उपभोक्ता समिति/मर्मत सम्भार उपभोक्ता समितिले गर्नेछ ।

२. मर्मत सम्भार कोष सम्बन्धी व्यवस्थाका लागि उपभोक्ता समितिले एक मर्मत सम्भार कोष खडा गर्नेछ जसमा निम्न बमोजिमका रकमहरू जम्मा गरिनेछ ।

क. जि.स.स./नगरपालिका/वडा वा अन्य निकायबाट प्राप्त रकम,

ख. योजनाबाट उपलब्ध सेवा उपयोग गरे बापत उपभोक्ताहरुबाट उठाएको रकम,

३. उपभोक्ता समितिले योजनाको उपयोग गरे बापत प्रति व्यक्ति/घरधुरीले देहाय बमोजिम रकम प्रति महिना/वर्ष उठाउन सक्नेछः-

क. सिंचाई योजनाको हकमाः सिंचित क्षेत्रफल प्रति रोपनी/हेक्टर प्रति महिना/वर्ष रु. ...../-

ख. खानेपानी योजनाको हकमाः प्रति घरधुरी प्रति महिना रु. ...../-

ग. विद्यालयको हकमा प्रति परिवार रु. ...../-

घ. सामुदायिक भवन प्रति परिवार रु. ...../-

ङ. सडक/ कल्भर्ट प्रति परिवार रु. ...../-

च. अन्य उत्पादन मूलक वा आर्थिक क्रियाकलापसँग सम्बन्धित योजना प्रति सदस्य रु. ...../-

छ. पदमार्गको प्रयोग प्रति सदस्य रु. ...../-

ज. प्रदमार्गको दायाँ बाया संरचना टहरा बनाइ प्रयोग प्रति संरचना वर्ग एकाइको (......) रु........



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ कार्यपालिका बैठक संख्या:- १०

मिति-२०८२।१०।२६ बैठक प्रारम्भ- १:०० बजे

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल छलफल गर्दा सडक वोर्ड र नगरपालिकाको साझेदारी ( रु २५०००००+ रु १०७१५००) को लागि खराङ बजार सडक स्तरोन्नती एवं भन्ज्याङखर्क सडक स्तरोन्ती योजना छनौट गरी बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्न सहमतीको लागि सडक वोर्ड नेपाल समक्ष पेश गर्ने निर्णय गरियो ।साथै समपुरको कोष व्यवस्थापन सम्बन्धमा आगामी वैठकहरुमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ उपर छलफल गर्दा नगरपालिकाबाट हुने विभिन्न निर्माणको लागि लागत स्टमेट गर्नको लागि नगर दररेटमा नपरेका आइटमहरुको प्रयोग गर्नुपर्ने भएकोले तपसिल बमोजिमको दररेट स्वीकृत गर्ने निर्णय गरियो। तपसिल

- Rate for PVC False Ceiling

| S.no | Item Name | Size | Thickness | Rate |
|---|---|---|---|---|
| | Pvc Pannel | 10"*10" | 8mm | 65 |
| 2 | Section | 12' | .26mm | 140 |
| 3 | Inter | 12' | .4mm | 140 |
| 4 | Perimeter | 12' | .26mm | 85 |
| 5 | Hanger | 12' | .26mm | 65 |
| | | | Total per sq. ft | Rs.235.4167 |

- पदमार्गमा आधारित पर्यटन विकास परियोजना परिधिय संरचना(लालिगुराँस पदमार्ग अन्तर्गत) निर्माणको लागि नगर दररेटमा लिड(ढुवानी)समेत समावेश गरी प्राप्त हुन आएको रु. ३३२६८०६।१५ र पदमार्गमा आधारित पर्यटन विकास परियोजना (लालिगुराँस पदमार्ग अन्तर्गत) निर्माणको लागि नगर दररेटमा लिड(ढुवानी)समेत समावेश गरी प्राप्त हुन आएको रु.५९२७८७०।८६ का लागत इष्टमेट स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५.** विविध

क. तह वृद्धि सिफारिस समितिको मिति २०८२।१०।१४ गतेको सिफारिस अनुसार कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धमा मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरबाट मिति २०८२।५।१६ च नं ४८३ बाट प्राप्त रायमा स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन २०८० मा भएको कानूनी व्यवस्थाका आधारमा हाल कार्यरत तहको पदको लागि तोकीएको शैक्षिक योग्यता(खुला वा बढुवा ) भएमा तहबृद्धि गर्न सकिने भनी राय परामर्श प्राप्त भएकोमा तपसिलमा उल्लेखित कर्मचारीको शैक्षिक योग्यता सि एम ए र ल्याब असिष्टेन्ट विषय लिइ प्रविधिक एस एल सी उत्तिर्ण गरेको साथै निज कर्मचारीहरु सोहि योग्यतामा चौथो तह बाट पाँचौं तहमा समेत स्तरवृद्धि भएको देखिएको हुँदा चौथो तहको सेवा प्रवेश योग्यताका आधारमा छेटौं तहमा तहवृद्धि गर्न मिल्ने नमिल्ने द्विविधा उत्पन्न भएको हुँदा सम्बन्धित निकायमा राय परामर्श मागी सो बमोजिम सिफारिस गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निम्न/तपसिल

| क्र.स. | कर्मचारीको नाम | हालको पद/तह |
|---|---|---|
| १ | अनिल रसाइली | सि अ.हे.व./स.पाँचौं |
| २ | उमेश चारकोले | बरिष्ठ ल्यावअसिष्टेन्ट./स.पाँचौं |



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्या:- १०

मिति-२०८२।१०।२६

बैठक प्रारम्भ- १:०० बजे

ख. चैनपुर नगरपालिका वडा नं १ साविक नुनढाकी ८ का नर बहादुर विश्वकर्माको नाममा दर्ता कायम रेहेको कि नं ७७४ र ७७६ क्षेत्रफल २४२५ र १६१६० व मि को जग्गा वर्गिकरण छुट भएको हुँदा भू वर्गिकरण नियमावली अनुसार कृषि क्षेत्रमा वर्गीकरण गर्ने साथै ऐ वडा को मान बहादुर लिम्बुको नाममा दर्ता कायम रहेका कि नं १५, ७७३ र १२९५को क्षेत्रफल २४९०, २४२५ र ८०८० व मि क्षेत्रफल को जग्गा वर्गिकरण छुट भएको हुँदा भू वर्गिकरण नियमावली अनुसार कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

ग. तपसिल बमोजिमका योजनाको शिर्षक परिवर्तन गरि कार्यान्वयन गर्ने र अनुमोदनको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो

| क स | साविक शिर्षक | परिवर्तित शिर्षक |
|---|---|---|
| १ | नव निर्मित वडा कार्यालय जाने सडक सोलिङ तथा ढलान | नव निर्मित वडा कार्यालय जाने सडक निर्माण |
| २ | सिरानटार पिकनिक स्पोर्ट व्यवस्थापन वडा नं २ | सिरानटार पिकनिक स्पोर्ट ट्वाइलेट निर्माण |
| ३ | पोखरी लाविङ आम्बोट सडक स्तरोन्नती वडा नं ४ | मैदाने फागुने सडक स्तरोन्ती |
| ४ | त्रिदेवी आ वि प्रकाशेश्वर आ वि विद्यार्थीहरुलाइ न्यानो कपडा वितरण वडा नं ३ | नव निर्मित वडा कार्यालय भवनको उत्तर तर्फ वाल निर्माण |
| ५ | सङ्छयोइलिङ गुम्बा अधुरो निर्माण खाम्लिङ वडा नं ९ | लामपाते खराङ सडक ट्रयाक ओपन । |
| ६ | धर्मदेवी मन्दिर निर्माण व्यवस्थापन घोर्ले वडा नं ९ | जनजागृति युवा क्लव भवन निर्माण अपुग रकम थप । |
| ७ | दंगालीगाँउ मन्दिर बाल निर्माण | चापाभुइ खानेपानी योजना पाइप लाइन खन्ने पूर्ने चैनपुर ८ |

घ. मयम लामा गाँउ नगदे बाली कृषि समुहलाइ मौरी पकेट क्षेत्र विकास कार्यक्रम संचालनका लागि छनौट गर्ने निर्णय गरियो ।

ङ. कृषि जैविक विवधता संरक्षण तथा सामुदायकि बिउ बैंक सुदृढीकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने तीन वटा सहकारी संस्थाहरुलाइ छनौट गरी प्रति संस्थालाइ रु ३ लाखा २५ हजारका दरले कर्यक्रम गर्न रकम उपलब्ध गराउने निर्णय गरियो ।

च. नगरपालिका अन्तर्गत संचालित योजना कार्यक्रम कार्यान्वयनको प्रगतिको अवस्था हेरी न्यून प्रगति भएका योजना कार्यक्रमहरुलाइ समयमा नै सम्पन्न गर्न कार्यालयबाट पत्राचार गर्ने निर्णय गरियो ।

छ. तपसिल बमोजिमका व्यक्ति संस्थालाइ आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क स | नाम थर ठेगाना | सहयोग रकम रु | शिर्षक | के |
|---|---|---|---|---|
| १ | सविना दाहाल चैनपुर ११ | रु १००००। | | विरामी |
| २ | टंक बहादुर लिम्बु चैनपुर १ | रु ५००००। | | आगलागी |

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक बिहान ४:३० बजे यही अन्त्य गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।